का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ असोज २०७९,
मंगलबार
20 September 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक २२७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# समानुपातिकमा अधिकांश नयाँ अनुहार

सबैजसो राजनीतिक दलले पुराना नेताहरूलाई नदोहोर्याउँदा समानुपातिकमा नयाँ अनुहार परेका छन् ।



सोमबार निर्वाचन आयोग पुगेर आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि समानुपातिक पद्धतिको उम्मेदवारको सूची बुझाउँदै राजनीतिक दलका नेताहरु ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

राजनीतिक दलहरूले निर्वाचन आयोगमा समानुपातिक तर्फको उम्मेदवारको बन्द सूची बुझाएका छन् । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि दलहरुले समानुपातिक तर्फको उम्मेदवारको बन्द सूची बुझाएका हुन् ।

सबैजसो राजनीतिक दलले पुराना नेताहरूलाई नदोहोर्याउँदा समानुपातिकमा नयाँ अनुहार परेका छन् । उम्मेदवारहरूको बन्दसूची निर्वाचन आयोगमा बुझाएपछि पत्रकारहरूसँग कुरा गर्दै नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले समानुपातिक बन्दसूचीमा कांग्रेस कार्यसमितिबाट पनि कतिपय सदस्यहरू रहेको बताए । तर, पुराना नदोहोरिएको भन्दै उनले कांग्रेस उत्साहका साथ निर्वाचनमा होमिएको बताए ।

नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले विगतमा समानुपातिक प्रदेश वा संघबाट समानुपातिक भइसकेका, राष्ट्रिय सभामा एक कार्यकाल बसिसकेका, पहिलो र दोस्रो संविधानसभामा मनोनयनतर्फको प्रतिनिधित्व गरिसकेका र स्थानीय तहमा निर्वाचित एवं निर्वाचनमा हारेकाहरूलाई बन्दसूचीमा नराखेको बताए । पार्टीले युवाहरूलाई विशेष – बाँकी पृष्ठ २ मा



कांग्रेस उत्साहका साथ निर्वाचनमा होमिएको छ ।

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस



पार्टीले युवाहरूलाई विशेष जोड दिएको छ ।

**वर्षमान पुन**
उपमहासचिव, नेकपा माओवादी केन्द्र



समानुपातिक सूचीमा सबै नयाँ अनुहार छन् ।

**निरज आचार्य**
नेता, नेकपा एमाले

## प्रभावशाली नेताहरू पनि समानुपातिक सूचीमा

केही पावरफुल नेताहरु पनि समानुपातिकमा बसेका छन् । नेपाली कांग्रेसले केन्द्रीय सदस्य आरजु राणालाई समानुपातिकबाट उम्मेदवार बनाएको छ । प्रधानमन्त्री पत्नी समेत रहेकी आरजु समानुपातिकमा बसेकी हुन् । २०७४ को आम चुनावमा आरजु कैलाली क्षेत्र नम्बर ५ मा चुनाव लडेकी थिइन् । तर नेकपा एमालेका नारदमुनी रानासँग पराजित भइन् । उनी यो पटक पनि प्रत्यक्ष लड्ने तयारीमा थिइन् । क्षेत्र, जिल्ला र प्रदेशले पनि उनको नाम एकल रुपमा पठाएको थियो । तर अन्तिम समयमा समानुपातिकमा बस्ने निर्णय लिएकी हुन् ।

कांग्रेसकै पूर्वउपसभापति विमलेन्द्र निधि, गोपालमान श्रेष्ठ, सहमहामन्त्रीद्वय फर्मुल्लाह मन्सुर र जीवन परियार पनि समानुपातिकमा बसेका छन् ।

नेकपा एमालेले उपाध्यक्ष रामबहादुर थापाकी पत्नी नैनकला थापालाई प्रतिनिधिसभाको समानुपातिक उम्मेदवार बनाएको छ । एमालेले निर्वाचन आयोगमा बुझाएको ११० जनाको सूचीमा पदाधिकारीहरु छैनन् । तर उपाध्यक्ष बादलकी पत्नी नैनकलाको नाम समावेश छ ।

बादल मन्त्रीबाट हट्नु परेपछि तत्कालीन प्रधानमन्त्री केपी ओलीले नैनकलालाई सञ्चारमन्त्री बनाएका थिए । २७ वैशाखमा सञ्चारमन्त्री भएकी उनी सर्वोच्च अदालतको आदेशका कारण दुई सातामै पदबाट हट्नु परेको थियो । – बाँकी पृष्ठ २ मा

नेपालको संविधानको विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### राजधानीमै चल्यो गोली

## मोहम्मद दर्जीको ज्यान गयो



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

राजधानी काठमाडौंको गोठाटारमा गोली चलेको छ ।

सोमबार कागेश्वरी मनहरा नगरपालिका वडा नम्बर ८ स्थित गोठाटार कृष्ण मन्दिर नजिकै अज्ञात व्यक्तिले चलाएको गोली लागेर लाल मोहम्मद भन्ने मोहम्मद दर्जीको मृत्यु भएको छ ।

स्थित गोली चलेको स्थलबाटै प्रहरीले पेस्तोल बरामद गरेको छ । काठमाडौं प्रहरी परिसरका एसएसपी भरत बोहराले घटनास्थलबाट पेस्तोल बरामद – बाँकी पृष्ठ २ मा

## डेंगुले साउनयता २० को मृत्यु

**सागर तिमिल्सना/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

डेंगु संक्रमणका कारण साउन महिनायता मात्रै २० जनाको मृत्यु भएको पाइएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार साउन महिनायता डेंगु संक्रमणका कारण २० जनाको ज्यान गएको हो ।

७५ जिल्लामा डेंगु फैलँदा १६ हजार ५८७ जना संक्रमण पुष्टि भएको छ । सबैभन्दा धेरै बाग्मती प्रदेशमा १२ हजार ४०१ जना डेंगु संक्रमित छन् । लुम्बिनी प्रदेशमा २ हजार ४२२ जनामा संक्रमित हुँदा १ नम्बर प्रदेशमा ५०४ जना संक्रमित छन् । क्रमश: सुदुरपश्चिम प्रदेशमा ४९३, गण्डकी प्रदेशमा ३२२, मधेश प्रदेशमा २४२ र कर्णाली प्रदेशमा २०३ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगार विशेष

### सुधारका लागि श्रम मन्त्रालयका सचिव र सहसचिवले पाए राष्ट्रिय सम्मान

## व्यवसायी भन्छन्- 'अब हाम्रा समस्या सुनिनु पर्छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले संविधान दिवसका अवसरमा सुर्कीर्तिमय राष्ट्रद्वीप मानपदवी पाएका छन् ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा. पेमनारायण कँडेल, अर्थ मन्त्रालयका अर्थ सचिव कृष्णहरि पुष्कर र नेपाल कानून आयोगका सचिव लीलादेवी गड्तौलाले पनि उक्त मानपदवी पाएका छन् । तर श्रम मन्त्रालयका सचिव अर्यालको नाम सबैभन्दा अगाडि रहेको छ । सचिवको नेतृत्वमा वैदेशिक रोजगार श्रम प्रशासनको क्षेत्रमा उल्लेख्य प्रगति भएको चर्चा चुलिएको बेला सचिव अर्यालले यो सम्मान पाएका हुन् ।

मन्त्रालयले ताहाचलस्थित वैदेशिक रोजगार कार्यालयलाई सबै सेवाहरू अनलाइन बनाएको घटना उल्लेख्य सुधारका रूपमा लिइएको छ । उक्त कार्यालयमा कायम अनावश्यक कर्मचारीको 'लेयर' घटाई सिधै अधिकृतलाई नै जिम्मेवार बनाइएको छ ।

यसअघि निजामती सेवा दिवसका अवसरमा पनि उक्त कार्यालयका प्रमुख रमेश अर्याललाई वैदेशिक रोजगार प्रशासनलाई सुधारको कदर गर्दै निजामती सेवा पुरस्कार, २०७९ बाट पुरस्कृत गरिएको थियो । लामो समय भ्रष्ट कार्यालयका रूपमा बदनाम उक्त कार्यालयमा सहसचिव अर्याल कार्यालय प्रमुख भएपछि प्रविधिको माध्यमबाट श्रम स्वीकृति प्रदान गरेर नमुना कार्यालयको सार्वजनिक छवि कायम भएको अनुभुति गरिएको छ ।

मन्त्रालयका सचिव र सहसचिव वैदेशिक रोजगार प्रशासनलाई प्रविधिका माध्यमबाट सुधार गरेको जस लिँदै राष्ट्रिय पुरस्कारबाट सम्मानित हुँदा वैदेशिक रोजगार व्यवसायीहरु वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा आधा दशक लामो अवधि गुज्रिसकेको अवस्थामा पनि सुधार नहुँदा समस्या नहटेको गुनासो गरिरहेका छन् ।

शुन्य लागतमा कामदार पठाउनुपर्ने बाध्यतामा रहेका व्यवसायीहरूले प्रणालीको खराबीले एउटै विज्ञापन हप्तैपिच्छे पटक-पटक दोहोऱ्याएर प्रकाशन गर्नुपर्ने बाध्यताले अनुचितरूपमा लागत र झन्झट थपेको गुनासो गरिरहेका छन् ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारसम्बन्धी सेवा प्रवाहलाई छिटो छरितो एवं – बाँकी पृष्ठ २ मा

## कोही किन डराउँछ प्रत्यक्ष चुनाव लड्न ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

आगामी निर्वाचनमा चुनाव जित्ने निश्चित नभएपछि दलका शीर्षस्थ नेताहरु समानुपातिक उम्मेद्वारकै रुपमा छानिएका छन् । आगामी संघ र प्रदेशको चुनावका लागि समानुपातिकतर्फको बन्द सूचीमा दलका शीर्षस्थ नेताहरुकै नाम अग्र स्थानमा समेटिएको हो । जसमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका शीर्षस्थ नेताहरु रहेका छन् । नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधि, सहमहामन्त्रीद्वय फरमुल्लाह मन्सुर र जीवन परियार, केन्द्रीय सदस्य आरजु राणा देउवा र नेता गोपालमान श्रेष्ठ लगायतका शीर्षस्थ नेता नै समानुपातिकमा सिट सुरक्षित गर्न तम्सिएका छन् ।

एकातिर टिकट नपाउने अर्कोतिर चुनाव हार्ने डरका कारण नेताहरु समानुपातिकमा बसेर सिट सुरक्षित गर्ने उपाय खोज्न लालायित छन् ।

त्यस्तै, एमालेले पनि उपाध्यक्ष रामबहादुर थापाकी पत्नी नैनकला थापा लगायतका धेरै नेतारुलाई समानुपातिकमा राखेको छ । तर, शीर्षस्थ नेताहरु युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा र विष्णु रिमाले भने सो सूचीमा अटाउनै सकेनन् । यद्यपि, उनीहरु समानुपातिकबाटै भएपनि सिट सुरक्षित गर्ने मनस्थितीमा भने देखिएका थिए । साथै, एमालेले अघिल्लो निर्वाचनमा समानुपातिकमा परेकालाई पुन नदोहोर्याउने निर्णय गरेसँगै धेरैलाई असहज भएको हो ।

त्यस्तै, नेकपा माओवादी केन्द्रले पनि बाबुराम भट्टराईको पार्टीका ५ सांसद सहित १ सय १० जनाको नाम बुझाएको छ । जसमा माओवादी केन्द्रका उपाध्यक्ष कृष्ण बहादुर महरा समानुपातिकमा बसेका छन् । आफूले पटक पटक चुनाव लडेको र अरुलाई अवशर दिन समानुपातिकमा बसेको उनले प्रतिक्रिया दिएका छन् । माओवादीले उम्मेद्वार चयन समावेशी र समानुपातिक ढंगबाट भएको दाबी पनि गरेको छ ।

एकीकृत समाजवादीले बुझाएको समानुपातिक तर्फको सूचीको पहिलो नम्बरमा उपमहासचिव गंगालाल तुलाधरको नाम रहेको छ । त्यस्तै, पार्टीका उपाध्यक्ष प्रमेश हमाल, सचिव नागेन्द्र चौधरी र स्थायी कमिटी सदस्यहरु रामचन्द्र यादव, सावित्रा भुसाल, श्रीप्रसाद साह – बाँकी पृष्ठ २ मा

साफ महिला च्याम्पियनसिप

## उपविजेता खेलाडीलाई जनही १ लाख २० हजार



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

साफ महिला च्याम्पियनसिपको उपविजेता बनेको टोलीका खेलाडीलाई जनही १ लाख २० हजार दिइने भएको छ । अखिल नेपाल फुटबल संघ एन्फाले साफ महिला च्याम्पियनसिपको उपविजेता बनेको टोलीका सदस्यका लागि नगद पुरस्कारको घोषणा गरेको हो । दशरथ रंगशालामा एन्फाका उपाध्यक्ष विराटजंग शाहीले खेलाडीको प्रोत्साहन स्वरुप जनही १ लाख २० हजार रुपैयाँ नगद पुरस्कार दिने घोषणा गरेका हुन् ।

सोमबार भएको साफ महिला च्याम्पियनसिपको फाइनलमा नेपाल बंगलादेशसँग ३-१ ले पराजित भएको छ ।

साफ महिला च्याम्पियनसिपको फाइनलमा बंगलादेशसँग ३-१ ले पराजित भएपछि महिला राष्ट्रिय फुटबल टिमका प्रशिक्षक कुमार थापाले भने जिम्मेवारी छाडेका छन् । उनले सोमबारदेखि लागु हुने जिम्मेवारी – बाँकी पृष्ठ २ मा

### मन्त्री बडूद्वारा दार्चुलामा मोटरेबल पुलको शिलान्यास

# अन्तरदेशीय व्यापारको हब बन्ने विश्वास

**दिपक बाबु साउँद/मध्यान्ह**
दार्चुला, ३ असोज



दार्चुलामा नेपाल-भारत जोड्ने मोटरेबल पुलको शिलान्यास गरिएको छ । नेपालतर्फ उद्योग तथा वाणिज्य मन्त्री दिलेन्द्र प्रसाद बडूले सोमबार उक्त पुलको शिलान्यास गरेका हुन् । दार्चुलाको महाकाली नगरपालिका-८ असिगडा र भारततर्फ पिथौरागढ जिल्लाको धार्चुला बलुवाकोट नजिकको मल्ला छारछुम जोड्ने गरी महाकाली नदीमाथि पुलको शिलान्यास गरिएको हो । भारततर्फ भने उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले पुलको शिलान्यास गरेका हुन ।

नेपालतर्फ पुलको शिलान्यास गर्दै मन्त्री बडूले सुदूर पहाडमा पहिलो पटक नेपाल-भारत जोड्ने मोटर पुल बन्न लागेको बताए ।

यस अघि सुदूरपश्चिम प्रदेश तराईका दुई जिल्ला कैलाली र कन्चनपुरमा मात्र मोटरेवल पुल रहेकोले अब बन्ने पुल सुदूरपश्चिमको पहाडी जिल्लामा नेपाल भारत जोड्ने मोटरबेल पुल छैनन् । शिलान्यास पश्चात कार्यक्रममा बोल्दै मन्त्री बडूले दार्चुला त्रिदेशीय सीमा जोडिएको जिल्ला पनि भएकाले त्रिदेशीय (नेपाल-भारत-चीन) व्यापारको समेत ढोका खुल्ने विश्वसा व्यक्त गरे । मन्त्री बडूका अनुसार पुल निर्माण सम्पन्न भइसकेपछि सरकारी र नागरिक स्तरमा दुई देशको सम्बन्ध झन् मजबुँद हुनुका साथै दार्चुलाको स्थानीय कृषि उत्पादन, जडिबुटी, धातु र कच्चापदार्थको अन्तर्राष्ट्रिय व्यापारमासमेत सहज हुनेछ ।

दार्चुलामा नेपाल-भारत जोड्ने मोटरबेल पुल २०४८ सालदेखि नै बनाउने चाहना र पहल भएपनि अहिले मात्रै एमओयुमा हस्ताक्षर भएर प्रक्रिया अगाडि बढेको मन्त्री बडूले बताए ।

यो पुलले नेपालको सुदूरपश्चिम प्रदेश र भारतको उत्तराखण्ड राज्यबीचको सीमापार कनेक्टिभिटीलाई बलियो बनाउन तथा दुवैतर्फको समुदायबीच रहेको सम्बन्ध र सम्पर्कलाई थप मजबुँद बनाउन भूमिका खेल्ने उनको भनाइ छ ।

भारतीय पक्षले निर्माण गर्ने एक सय १० मिटर लम्बाईको उक्त मोटरेबल पुलको शिलान्याससँगै त्रिदेशीय सीमा जोडिएको क्षेत्रमा अन्तरदेशीय पुल निर्माणले व्यापारिक मार्गमा जोडिने विश्वास गरिएको छ ।

शिलान्यास कार्यकममा बोल्दै भारतीय दूतावासका डीसीएम प्रशान्त श्रीस्तावले उक्त बन्ने मोटेरबेल पुलले नेपाल भारतको सम्बन्धलाई झन् मजबुत बनाउने बताए । उनका अनुसार महाकाली नदीमाथि बन्ने मोटर पुल एक वर्ष भित्रै निर्माण सम्पन्न गरिनेछ ।

महाकालीमा मोटरपुल निर्माण भएपछि दार्चुला, बैतडी, बझाङ लगायत सुदूरपश्चिमका पहाडि जिल्लाका साथै भारत र चीनसम्मको व्यापार दार्चुलाको नाकाबाट हुने मन्त्री बडूको भनाइ छ ।

त्यसैगरी दुबै देशको आर्थिक, सामाजिक, धार्मिक सम्बन्ध मजबुँद बनाउन समेत पुल महत्वपूर्ण हुनेछ । मोटरेबल पुल निर्माण भए आउजाउमा सजिलो हुनाका साथै सडक यातायात र माल सामान ढुवानीमा पनि सहज हुने स्थानीयहरूको प्रतिक्रिया छ ।

भारत सरकारको लगानीमा निर्माण हुने पुल शिलान्यास कार्यक्रममा भारतीय राजदूतावासका प्रतिनिधि, नेपालस्थित भारतीय दूतावासका डीसीएम प्रशान्त श्रीस्ताव, उद्योग मन्त्रालयका सहसचिव नारायणप्रसाद रेग्मीलगायतहरूको उपस्थिति रहेको थियो ।

यस्तै जिल्ला समन्वय समिति प्रमुख महादेब बडू, महाकाली नगरपालिकाका नगरप्रमुख नर सिंह चैसिर, उपप्रमुख दुर्गा कुमारी खत्री विष्ट, लेकम गाउँपालिका अध्यक्ष राम दत्त जोशी, मार्मा गाउँपालिका अध्यक्ष जमन सिंह धामी, नौगाड गाउँपालिका उपाध्यक्ष जगत सिंह ठगुन्ना, दार्चुलाका प्रमुख जिल्ला अधिकारी दिर्घराज उपाध्याय, चार वटै सुरक्षा निकायका प्रमुख एवं कर्मचारी र स्थानीयको सहभागीता रहेको थियो ।

# इस्मा गाउँपालिकामा वडा तहमै कृषि सेवा केन्द्र

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ३ असोज




गुल्मीको इस्मा गाउँपालिकामा संविधान दिवसको अवसरमा कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रको शुभारम्भ भएको छ । गाउँपालिकाको केन्द्रबाट वितरण गरिँदै आएको सेवालाई वडा स्तरमा लगिएको हो । गाउँपालिकाको वडा नम्बर ६ अम्मरपुरमा कृषि सेवा केन्द्रको शुभारम्भ गरिएको हो भने गाउँपालिकाको वडा नम्बर ३ दर्लामचौरमा पशु सेवा केन्द्रको शुभारम्भ गरिएको छ । ६ नम्बर वडाको अमरपुर राङदालमा रहेको कृषि सेवा केन्द्रमा २ जना कर्मचारी कार्यरत रहने छन् भने ३ नम्बर वडा दर्लामचौरमा तत्काल १ जना र पछि १ जना थपिएर २ जना कार्यरत रहने इस्मा गाउँपालिका पशु शाखा प्रमुख तुल्सी थापाले बताएका छन् ।

गाउँपालिकाको चौरासी फाँट लगायत क्षेत्रमा उत्पादन हुने बालि जो ईस्मालाई नै पालेको छ । त्यहाँको बालिको संरक्षण र त्यहाँका जनजाति बस्तिले गरेको कृषिलाई थप फलदायी बनाउन कृषि ज्ञान केन्द्रले प्रविधिक कर्मचारी ज्ञान केन्द्रले नै तलब खुवाएर राख्ने कृषि ज्ञान केन्द्र प्रमुख नबराज भण्डारीले बताए । उनले खटिएका कर्मचारीले त्यहाँका बालि परीक्षण र गाउँपालिकाले खटाएको ठाउँमा पुगेर सेवा दिने बताएका छन् ।

कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल तथा विज्ञ सेवा केन्द्रको प्राविधिक सहयोग र गाउँपालिकाको आर्थिक सहयोगमा पशु सेवा केन्द्र र कृष सेवा केन्द्र सञ्चालित हुने छन् । गाउँमा पशुहरु बिरामी भएर उपचार नपाउने प्रत्येकको घरमा पशुहरु पालिए पनि त्यसतर्फ ध्यान जान नसकेको अवस्थामा गाउँपालिकाले वडा स्तरमै पशु र कृषिलाई सहज हुने गरी सेवा केन्द्र सञ्चालन गरेको गाउँपालिका अध्यक्ष भगत सिंह खण्डकाले बताए । ईस्माका जनताको चाहान अनुसार घरमै पशुहरुले उपचार पाउने गरी वडा तहमै पशु सेवा केन्द्रको सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष भगत सिंह खण्डकाले बताएका छन् । उनले धेरै कृषकहरुको गुनासो गरेअनुसार घरमै सेवा उपलब्ध हुने गरी काम गरिने उनले बताएका छन् ।

# विज्ञापन बोर्डको सदस्यमा अधिकारी नियुक्त



**काठमाडौं/मस-** सरकारले विज्ञापन बोर्डको सदस्यमा सुनसरीका पवन अधिकारीलाई नियुक्त गरेको छ । मन्त्रिस्तरीय निर्णयबाट अधिकारीलाई बोर्डको सदस्य नियुक्त गरिएको हो । अधिकारीलाई आइतबार बोर्डको सदस्यमा नियुक्त गरिएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उपसचिव सुरेन्द्र थापाले जानकारी दिए । भदौ ३१ गतेको मन्त्रिस्तरीय निर्णयले चार वर्षका लागि विज्ञापन ऐन, २०७६ को दफा १४ को उपदफा ९१० को खण्ड (ङ) बमोजिम अधिकारीलाई सदस्यमा नियुक्त गरेको हो । नेपाल प्रेस युनियन सुनसरीका अध्यक्ष रहेका अधिकारी नेपाल विज्ञापन संघ प्रदेश नम्बर १ का अध्यक्ष हुन् ।

## समानुपातिकमा...

जोड दिएको उनको भनाइ छ । बन्दसूची बुझाएपछि नेकपा एमालेका नेता निरज आचार्यले विगतका समानुपातिक सूचीमा रहेकाहरूलाई नदोहोराएको जानकारी दिए । समानुपातिक सूचीमा कोही पनि पुराना नेताहरू नरहेको उल्लेख गर्दै सबै नयाँ अनुहार रहेको बताए । राप्रपा नेपालका महामन्त्री सुशील श्रेष्ठले ११० वटै बन्द सूचीको नाम पेस गरेको बताए । उनले केन्द्रीय पदाधिकारीहरू सबै प्रत्यक्षमा चुनाव लड्ने पनि जानकारी दिए । प्रतिनिधिसभामा समानुपातिक पद्धतिबाट ११० जना र ७ वटा प्रदेशसभामा २२० जना उम्मेदवार हुनेछन् ।

## केही...

माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा पनि समानुपातिकमा बसेका छन् । माओवादी सशस्त्र युद्ध सुरु हुनुअघि २०४८ सालमा तत्कालिन संयुक्त जनमोर्चाबाट उम्मेदबार बनेर प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका महरा २०६४, २०७० र २०७४ को चुनावमा लगातार निर्वाचित सांसद हुन् । महरा २०४८ मा रोल्पा- २, २०६४ मा दाङ-३, २०७० मा रोल्पा-१ र २०७४ मा दाङ-२ बाट उनी निर्वाचित भएका थिए । यसपटक भने उनी समानुपातिक पद्धतितर्फको उम्मेदवारको सूचीमा बसेका हुन् ।

नेकपा एकीकृत समाजवादीका तीन पदाधिकारी समानुपातिकमा बसेका छन् । निर्वाचन आयोगमा एकीकृत समाजवादीले बुझाएको सूचीको पहिलो नम्बरमा उपमहासचिव गंगालाल तुलाधरको नाम छ । पदाधिकारीबाट उपाध्यक्ष प्रमेश हमाल, उपमहासचिव तुलाधर र सचिव नागेन्द्र चौधरीसहित तीन जनाको नाम सिफारिस भएको हो । स्थायी कमिटी सदस्यहरु रामचन्द्र यादव, सावित्रा भुसाल, श्रीप्रसाद साह र भवेश्वर पराजुली पनि समानुपातिकमा बसेका छन् । लेखा आयोगका अध्यक्ष भरतकुमार श्रेष्ठ पनि समानुपातिकमा छन् ।

## राजधानीमा...

भएको जानकारी दिए ।

गोली लागेर मृत्यु भएका व्यक्ति गार्मेन्ट व्यवसायी भएको पुष्टि भएको छ । सर्लाहीको हरिवन घर भएका उनले गोठाटारमै एभेन्जर इन्टरप्राइजेज गार्मेन्ट सञ्चालन गर्दै आएको खुलेको प्रहरीले जनाएको छ । उनी कागेश्वरी बस्दै आएको र त्यही व्यवसाय गर्ने गरेको खुलेको उपत्यका प्रहरी अनुसन्धान कार्यालयका एक अधिकारीले जानकारी दिए । पल्सर मोटरसाइकलमा आएका व्यक्तिले गोली हानेर भागेको प्रहरीले जनाएको छ ।

सोमबार साँझ भएको घटनामा ४ राउण्ड गोली चलेको बताइएको छ । दर्जीलाई टाउकोमा दुई राउण्ड, दायाँ हातमा एक राउण्ड र दायाँ तिघ्रामा १ राउण्ड गोली लागेको थियो ।

प्रहरीका अनुसार मोहम्मद बा ६ च ५१५२ नम्बरको गाडीमा सवार थिए । उनलाई फलो गर्दै मोटरसाइकलमा आएका दुई जनाले गाडीबाट झरेर गार्मेन्ट (निवास पनि सोही स्थान) तर्फ जाने क्रममा एक्कासि गोली प्रहार भएको थियो । गाडी उनका चालकले चलाएको बताइएको छ । सुरुमा उनीमाथि ४ राउण्ड गोली प्रहार भएको र त्यसपछि एक राउण्ड हवाइ फायर भएको बताइएको छ ।

## सुधारका...

व्यवस्थित गर्न २०७२ सालदेखि उक्त पोर्टल प्रयोगमा ल्याएको हो । एक वैदेशिक रोजगार व्यवसायीले भने, 'मन्त्रालयका सचिव तथा सहसचिव जस्ता उच्च अधिकारीहरूले उक्त प्रणालीका माध्यमबाट वैदेशिक रोजगार प्रशासनलाई अभूतपूर्वरूपमा सुधार गरेको भन्दै पुरस्कार पाउँदा प्रणालीमा रहेका भन्झटले सहजरूपमा काम गर्न नपाउँदा हामी भने रूनु न हाँस्नुको अवस्थामा छौं ।'

प्रणालीमा देखिएका समस्या समाधानका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, मन्त्रालयका सचिव, विभागका महानिर्देशक, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा विभिन्न राजनीतिक दलका भातृ संस्थाहरूलाई पटकपटक आग्रह गरेपनि फेमिसको समस्या समाधान नभएको अधिकांश वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ ।

अर्का एक व्यवसायीले भने, 'सचिव र सहसचिवले जुन सुधारका नाममा राष्ट्रिय सम्मान पाउनु भएको छ, त्यसबाट छिटोभन्दा छिटो फेमिसका समस्या समाधानका लागि प्रेरणा र हौसला मिल्नेमा आशावादी बनेका छौं । वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्स भित्र्याउन हामीले गरेको योगदानको पनि कदर हुनुपर्छ ।'

## कोही...

र भवेश्वर पराजुली पनि समानुपातिकमा उम्मेद्वारमा सिफारिस भएका छन् । यद्यपि, लोसपाले भने अध्यक्ष महन्थ ठाकुर, नेता राजेन्द्र महतोलगायत प्रत्यक्ष चुनाव लड्ने गरी अन्य नेताहरुको मात्रै लिस्ट निर्वाचन आयोगमा बुझाएको छ । एकातिर टिकट नपाउने डर अनि अर्कोतिर चुनाव हार्ने डरका कारण शीर्षस्थ नेता नै समानुपातिकमा बसेर सिट सुरक्षित गर्ने उपाय खोज्न लागेका छन् । जसले गर्दा समानुपातिक भोट नेताको सिट सुरक्षित गर्ने उपाय मात्रै भएको चर्चा समेत चलेको छ ।

## साफ...

छाडेको घोषणा गरेका हुन् । उनले भनेका छन्, 'अरुलाई पनि मौका दिनुपर्छ, टिममा बसिरहनु राम्रो होइन, म बस्दा पनि बस्दिन,' रंगशालामा पत्रकारसँग उनले भने, 'अफिसियल घोषणा पनि गर्ने छु, यसैलाई अफिसियल घोषणा माने पनि हुन्छ ।'

साफ महिला च्याम्पियनसिपको उपाधि जिताउन नसकेकोमा राष्ट्रिय महिला फुटबल टिमका प्रमुख प्रशिक्षक कुमार थापाले माफी समेत मागे । उपाधि जित्ने वाचा गरे पनि त्यो वाचा पूरा गर्न नसकेको उनले बताए । 'हामीले राम्रो खेलेको हो, तर अवसर सदुपयोग गर्न सकेनौं', थापाले भने, 'चुकेको होइन ।' थापाले थपे, 'हामीले सक्नेजति गरेका हौं, म प्रदर्शनबाट सन्तुष्ट छु । सबै प्रयास गरेको हो, उपाधि हामीले चाहेका थियौं, बंगलादेशले जित्यो, दुःख लागेको छ ।'

# चट्याङ लागेर एक जनाको मृत्यु, चार जना घाइते

**इस.पी.गौरब/मध्यान्ह**
सर्लाही, ३ असोज



सर्लाहीको ईश्वरपुर नगरपालिका १२ स्थित चुरेभेगमा पर्ने गुईडुङमा सोमबार अपरान्ह चट्याङ लागेर एक जनाको ज्यान गएको छ भने चार जना घाइते भएका छन् । सोमबार अपरान्ह करिब ४ बजे पानीसँगै परेको चट्याङ लागेर गुईडुङका अन्दाजी २८ वर्षीय प्रेमबहादुर घलानको ज्यान गएको हो भने २ वर्षीय बालिकासहित चार जना घाइते भएका इलाका प्रहरी कार्यालय केशरगन्ज बयलवासका प्रहरी प्रमुख प्रहरी निरीक्षक रोशन थापाले जानकारी दिए ।

उनका अनुसार चट्याङ लागेर गम्भीर घाइते भएका घलानलाई उपचारका लागि सोमबार साँझ बर्दिवासस्थित जनसेवा अस्पताल पुर्‍याउँदा चिकित्सकले मृत घोषणा गरेका हुन् ।

घलानलाई ज्वाइँ बुद्धबहादुरको घरमा पारिवारिक छलफल चलि रहेको समयमा चट्याङ लागेको स्थानीयले बताएका छन् । चट्याङ लागेर मृतक घलानकी श्रीमती २६ वर्षीया नन्दीमाया घलान,ज्वाइँ २७ वर्षीय बुद्धबहादुर पाखिन, बुद्ध बहादुरकी छोरी २ वर्षकी प्रतिमा पाखिन र स्थानीय २७ वर्षीय रुद्रमान स्याङतान घाइते भएका छन् । उनीहरु सबैलाई उपचारका लागि जनसेवा अस्पताल बर्दिवास पुर्‍याएको बिरामीका आफन्तले जनाएका छन् ।

घाइते सबैको अवस्था सामान्य रहेको अस्पताल स्रोतले जनाएको छ । चट्याङ लागेपछि अचेत भएकी २ वर्षकी बालिका प्रतिमाको अहिले होस खुलेको अस्पताल स्रोतले जनाएको छ । सडक नपुगेको त्यस ठाउँमा घारिबथान स्थित चुरेको फेदीबाट एक घण्टा भन्दा बढी पैदल हिँडेर डाँडा चढेपछि पुगिन्छ ।

## बेपत्ता बालक मृत भेटिए

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ३ असोज

नवलपरासीको प्रतापपुर गाउँपालिकामा नुहाउने क्रममा बेपत्ता भएका बालकको शप फेला परेको छ । गाउँपालिकाको वडा नम्बर ६ स्थित कंगली खोलामा नुहाउने क्रममा गुठीप्रसौनीका ११ वर्षीय अंगद माली आइतबार बेपत्ता भएका थिए । प्रहरी र स्थानीयले खोजी गर्दा सोमबार बिहान मालीको शव फेला परेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बालकको शव पोस्टमार्टमको लागि पृथ्वीचन्द्र अस्पताल परासी पठाइएको छ ।

**मेनपावर चाहियो**

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको जिट्को लाइसेन्स भएको मेनपावार चाहिएकोले विक्री गर्न चाहानुहने महानुभवहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क: ९८४९०८४२९३**

**Chishankhugadhi Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Serna, Okhaldhunga**

**Province No. 1, Nepal**

**Invitation of Bids**

**First Date of Publication: 2079-06-04 (20th Sept, 2022)**

Chishankhugadhi Rural Municipality, Office of Municipal Executive invites only electronic bids from eligible bidders for the following Works under NCB Procedures. For the further information please visit e-GP portal of Public Procurement Monitoring Office (PPMO) (www.bolpatra.gov.np/egp) or contact Chishankhugadhi Rural Municipality, Office of Rural Municipal Executive.

| S.No. | Contract ID | Description of Work | Estimated Amount (Without VAT) | Bid Security Amount (NRs.) | Bid Document fee NRs. | Last Date of bid Submission |
|---|---|---|---|---|---|---|
| 1. | CRM/NCB/CSB/01/079/80 | Construction of School Building. | 37,09,800.46 | 1,10,000.00 | 3,000.00 | 2079/07/03 BS (20th Oct, 2022) 12:00 noon |
| 2. | CRM/NCB/CMRMG/02/079/80 | Construction and Maintenance of Rural Municipality Ground. | 18,61,337.12 | 50,000.00 | 3,000.00 | |

**Chief Administrative Officer**

**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**
**Karnali Province, Salyan, Nepal**

**Notice of Intention of Award Contract**

**Date of Publication : 20th sept, 2022**

This notice has been published to inform all concerned including the bidders about the intention award contract regarding the contracts under the tender notice no. IDO/SLN/NCB/W/61/78/79, , published in the bolpatra.gov.np/egp in accordance with Public Procurement Act, 2063 clause 27(2) and clause 47.

| S.N. | Contract No | Description of Works | Name and Address of the successful bidder | Accepted Bid amount including VAT (NRs.) |
|---|---|---|---|---|
| 1 | IDO/SLN/NCB/W/61/78/79 | Dhorchaur Chapdada Gairikateri Maidupokhari Sallibazar Road. | Kharidhunga/hamal jv | 15,59,26,910.81 |

# सांकेतिक भाषालाई राष्ट्रिय भाषाको मान्यता दिन माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज



सांकेतिक भाषालाई राष्ट्रिय भाषाको रुपमा मान्यता दिन एक कार्यक्रमका सहभागीहरुले माग गरेका छन् ।

अन्तर्राष्ट्रिय सांकेतिक भाषाहरुको दिवसको अवसरमा राष्ट्रिय बहिरा महासंघ नेपालले काठमाडौंमा आयोजना गरेको 'शिक्षामा सांकेतिक भाषाको महत्व' विषयक अन्तरक्रियामा सहभागीले सांकेतिक भाषालाई राष्ट्रिय भाषाका रूपमा मान्यता दिनुपर्ने माग गरे ।

कार्यक्रममा राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष केपी अधिकारीले सरकारले सांकेतिक भाषालाई अपनत्व ग्रहण गर्नुपर्नेमा जोड दिए । सांकेतिक भाषाबारे सरकारी तवरबाटै स्पष्ट नीति बनाएर कार्यान्वयन गर्नुपर्ने उनको जोड थियो ।

महासंघले बहिरा नागरिकलाई गुणस्तरीय शिक्षाका लागि 'एक जिल्ला, एक बहिरा विद्यालय' को व्यवस्था गर्नुपर्ने, सांकेतिक भाषाका शब्दहरु चार हजार सात सय मात्रै रहेकाले सांकेतिक भाषाको विकास गर्न सांकेतिक भाषा अनुसन्धान केन्द्रको स्थापना गर्नुपर्ने र त्यसका लागि सात सय ५३ वटै स्थानीय तहमा दोभाषेको व्यवस्था गर्नुपर्ने मागसमेत गरेको छ ।

अध्यक्ष अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै हरेक सार्वजनिक कार्यालयमा दोभाषेको व्यवस्था गर्नुपर्ने र त्यसका लागि दोभाषे उत्पादन गर्न तालिम केन्द्रको स्थापना गर्नुपर्ने तथा बहिरा नागरिकको सीप, क्षमता र आवश्यकताका आधारमा रोजगारीको व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. हरि लम्सालले सांकेतिक भाषालाई थप व्यवस्थित बनाउन मन्त्रालय लागिरहेको बताए ।

अन्तरक्रियामा सबैको लागि पढाई परियोजनाका कार्यक्रम संयोजक पदम महरले आफुहरुले समावेशी शिक्षालाई समान सिकाईका रुपमा हासिल गर्नु पर्नेमा जोड दिँदै आएको बताए । बहिरा व्यक्तिको मुख्य समस्या नै सांकेतिक भाषा रहेको उनको जोड थियो ।

केन्द्रीय बहिरा क्याम्पसका प्राचार्य ऋषिराम देवकोटाले सांकेतिक भाषा अध्यापनका लागि जनशक्ति र व्यवस्थापक कम भएको बताए ।

सांकेतिक भाषामा पढाइ हुने स्कुलहरु पनि समस्यामा रहेको उनको भनाइ छ । बहिरा विद्यार्थीलाई एउटै संकेतले धेरै शब्दहरुले बुझाउनु पर्दा समस्या हुने गरेको बताए ।

शिक्षा तथा मानव विकास स्रोत केन्द्र समावेशी शिक्षा शाखा प्रमुख डा. दिव्या दवाडीले बहिरा बालबालिकासम्म छात्रवृत्तिको पहुँच समेत नपुगेको बताइन् । उनले नीति र पोलिसीलाई कार्यन्वयनमा लैजान समस्या भइरहेको बताइन् । कार्यक्रममा सहभाागीहरुले सांकेतिक भाषाको विकास गर्नुपर्नेमा जोड दिँदै विद्यालयमा सबै विद्यार्थीलाई सांकेतिक भाषा अनिवार्य गरिनुपर्नेमा जोड दिएका थिए ।

युनिसेफद्वारा प्रकाशित एक प्रतिवेदनअनुसार ५ देखि १२ वर्ष उमेर समूहका कूल अपाङ्गता भएका बालबालिकामध्ये ३० प्रतिशत बालबालिकाहरू अझै विद्यालयभन्दा बाहिर छन् ।

सरकारी प्रतिवेदनअनुसार सरकारले सञ्चालन गरेका ३५ हजार नौ सय ९३ बाल विकास केन्द्रहरूमा नौ लाख ७३ हजार नौ सय बालबालिका सिकिरहेका छन् तर यिनमा अपाङ्गता भएका बालबालिकाको संख्या भने तीन हजार दुई सय ७० मात्र छ । जनगणना २०६८ को प्रतिवेदनमा उल्लेख भएअनुसार कूल जनसंख्याको एक दशमलव ९४ प्रतिशत मात्र अपाङ्गता भएका व्यक्ति रहेको जनाइएको छ ।

# लैंगिक हिंसाविरुद्ध प्रहरीद्वारा जनचेतना कार्यक्रम

**राजेन्द्र महतो/ मध्यान्ह**
सिरहा, ३ असोज



सिरहामा लैंगिक हिंसाविरुद्ध प्रहरीद्वारा जनचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ ।

'समुदाय-प्रहरी साझेदारी कार्यक्रम' अन्तरगत प्रहरी चौकी खिरौना सिरहाको आयोजनामा लैंगिक हिंसाविरुद्ध जनचेतनामुलक कार्यक्रम सिरहा-१४ स्थित सामुदायिक भवनमा सम्पन्न भएको हो ।

कार्यक्रममा प्रहरी चौकी खिरौना सिरहाको प्रहरी सहायक निरीक्षक भोगेन्द्र खत्रीले समुदायमा रहेको लैंगिक हिंसा, घरेलु हिंसा, बालविवाह, सामाजिक मुल्यमान्यता तथा समुदायमा रहेको कु-प्रथाविरुद्धको स्थानीयलाई सचेतनामुलक जानकारी तथा कानूनी प्रावधानको बारेमा जानकारी गराइएको थियो ।

सिरहा वडा-१४ को महिला वडा सदस्य सीता मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय भद्रभलादमी, महिला/पुरुषहरु लगायत प्रहरी जनशक्तिहरुको सहभागिता रहेको थियो ।

**MALAYSIA मा रोजगार** | कम्पनी : PREMIER LB FLORICULTURE SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०५/१० | चलानी नं.: ६०१८६८५० | LT. No.: 270330 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ११ गते (27 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ७९०/०६५/०६६
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ४३८३९२३, ४३८६९९७, ५९०६९२३
Email : protechnepalemps@gmail.com

# दुर्घटना पीडित सञ्चारकर्मीलाई बीमा रकम



**इटहरी/मस–** नेपाल प्रेस युनियन सुनसरीले दुर्घटनामा परेका सञ्चारकर्मी प्रेस चौतारी नेपाल दुहबीका नगर संयोजक मित्र क्षेत्रीलाई बीमा बापतको एक लाख रुपैयाँ हस्तान्तरण गरेको छ ।

दुर्घटनापीडित सञ्चारकर्मी क्षेत्रीको घरमै पुगेर युनियन सुनसरी अध्यक्ष पवन अधिकारी, पत्रकार महासंघका केन्द्रीय सदस्य अमर खड्का, प्रेस युनियनकी केन्द्रीय सदस्य कमला चौधरी, प्रेस चौतारी नेपाल प्रदेश १ का उपाध्यक्ष सुमन पुरी, प्रेस चौतारी नेपाल सुनसरीकी अध्यक्ष शुभद्रा प्याकुरेल, महासंघ एवम् युनियन सुनसरीका कार्य समितिको उपस्थितिमा बीमा बापतको एक लाख रुपैयाँ हस्तान्तरण गरिएको हो । युनियन सुनसरीका अध्यक्ष अधिकारीका अनुसार अजोड इन्स्योरेन्समा जिल्लाका २७५ जना सञ्चारकर्मीको दुर्घटना बीमा गरिएको थियो । बिमित सञ्चारकर्मी क्षेत्री गत साउन दोस्रो साता दुर्घटनामा परेका थिए ।

अधिकारीका अनुसार यसअघि साउन दोस्रो साता नै दुर्घटनामा परेका पत्रकार मनोज दाहाललाई गत भदौ ११ गते नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलको उपस्थितिमा एक लाख रुपैयाँ हस्तान्तरण गरेको थियो । 'हामीले गत ११ गते मात्रै दुर्घटनामा परेका अर्का सञ्चारकर्मीलाई एक लाख रुपैयाँ हस्तान्तरण गरेका थियौं,' अधिकारीले भने, 'प्रेस युनियनले सबै संगठनमा आस्था राख्ने पत्रकारहरूलाई समस्यामा सहयोग गर्दै आएको छ ।' उनले जुनसुकै संगठनमा रहेपनि पत्रकार एउटै भएकाले उनीहरूको समस्यामा आफूहरूले मल्हमपट्टी लगाउने काम गरिरहेको बताए । उनले भने, 'संगठनको नेतृत्व गर्नु भनेको अतिथि आसन ग्रहण गर्न मात्रै होइन, पत्रकारको समस्यामा काम गर्नका लागि हामी जुनसुकै बेला तत्पर छौं ।'

एक लाख रुपैयाँको चेक बुझ्दै सञ्चारकर्मी क्षेत्रीले आफू दुर्घटनामा पर्दा युनियन सुनसरीले ठूलो सहयोग गरेको स्मरण गरे । 'दुर्घटनामा परेको समयदेखि नै प्रेस युनियनले ठूलो सहयोग गरेको छ,' उनले भने, 'हस्पिटलमा आवश्यक परेको समयमा होस् वा अन्य समयमा नै, यो मेरो लागि ठूलो सहयोग हो ।' कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य अमर खड्काले प्रेस युनियन सुनसरीले गरेको उक्त कार्य सराहनीय रहेको भन्दै प्रशंसा गरे । उनले भने, 'समस्या परेको बेला संगठन चाहिन्छ भन्ने उदाहरण युनियन सुनसरीले देखाएको छ, यो सराहनीय छ ।' उनले पत्रकार महासंघबाट पनि दुर्घटनामा परेका सञ्चारकर्मीहरूका लागि थोरै भएपनि राहत उपलब्ध गराउँदै आएको समेत बताए ।

**मलेसियामा रोजगार** | कम्पनी: ST LIM VALUE SDN BHD
शहर: Johor

पूर्व स्वीकृत मिति: २०७९/०२/१२ | चलानी नं.: ६०१७९७९६ | LT. No.: 263680 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 13 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ असोज ११ गते ( 27 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**NICE OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5535529, 5523629, 9851193062
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np

# चार कोठे विद्यालय भवनको शिलान्यास

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ असोज



रौतहटको गुजरा नगरपालिका वडा नम्बर ४ को श्री माध्यमिक विद्यालय कनकपुरमा चार कोठे भवनको शिलान्यास गरिएको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ३६ लाख रुपैयाँको लागतमा निर्माण हुने भवनको एक कार्यक्रमकाबीच नगर प्रमुख सन्तलाल चौधरीले शिलन्यास गरेका हुन् ।

विद्यालय भवनको शिलान्यास गर्दै नगरप्रमुख चौधरीले अथक प्रयास र मेहनतले भवन निर्माणका लागि बजेट प्राप्त भएको बताए । गुजरालाई नमूना नगरको रुपमा विकास गर्ने अठोटका साथ अगाडि बढेको बताउँदै उनले शिक्षाको हब बनाउने गरी विशेष प्राथमिकतामा राखिएको बताए ।

भवन निर्माण भएपछि अहिले भइरहेको कक्षाकोठा अभावको समस्या समाधान हुने उनको विश्वास छ ।

कार्यक्रममा गुजरा नगरपालिकाकी उपमेयर रत्ना लामा, प्रमुख प्रशासकीय अधिकृत बिनोद जयसवाल, शिक्षा संयोजक शिवमंगल शाह, वडाध्यक्ष झमक प्रसाद चौलाई, प्रधानाध्यापक मनोज कुमार यादव, नेपाली कांग्रेसका नेता कुमार चौंलागाई, विद्यालय व्यवस्थापन समिति अध्यक्ष शेख सैनुलाह, नगर प्रवक्ता विजय साह बानियाँ, लेखापाल विजय राय यादव, लगायत शिक्षक-शिक्षिका, छात्रछात्रा, स्थानीय भद्रभलादमी, बुद्धिजीवी, शिक्षाप्रेमीहरूको उपस्थिति रहेको थियो ।

**भगवतीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बेस्तडा, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७९/०६/०४ गते**

१. यस कार्यलायको आर्थिक बर्ष २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त इच्छुक निर्माण व्यवसायिहरुबाट निम्न सर्तहरुको अधिनमा रहि रित पूर्वकको E–Bid मार्फत बोलपत्र आह्वान गरिन्छ ।
२. सूचना प्रकाशित भएको मितिले ३०औं दिन (२०७९/०७/०२ गते) भित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर तथा दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ सम्म करचुक्ता प्रमाणपत्र, अन्य ठेक्का सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपीहरु संलग्न साथ तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई बिद्युतिय संचारको माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double Portal (www.ppmo.gov.np) मा गई बोलपत्र फारम डाउनलोड गरि E–biding द्वारा बोलपत्र दाखिला गर्नुपर्नेछ ।
३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७९/०७/०३) दिनको १२:०० बजे भित्र E–Biding द्वारा बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोहि समय भित्र खरिद र दाखिला गर्न सकिन्छ ।
४. दर्ता भएका बोलपत्र ३१ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
५. यस बोलपत्र सम्बन्धी विस्तृत सूचना यस कार्यालयको Website: www.bhagawatimaimun.gov.np मा हेर्नुहुन अनुरोध छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टीजेन्सी वाहेक) | बोलपत्र फारम दस्तुर रु | जमानत रकम रु |
|---|---|---|---|---|---|
| १ | BRM/BCW/ NCB/01/079/80 | ३ नं. वडा कार्यालय भवन निर्माण कार्य भगवतीमाई ३ | १३६६३५३८/- | ३०००/- | ४०००००/- |
| २ | BRM/BCW/ NCB/02/079/80 | ७ नं. वडा कार्यालय भवन निर्माण कार्य भगवतीमाई ७ | १३४१८१८७/- | ३०००/- | ४०००००/- |
| ३ | BRM/RCW/ NCB/03/079/080 | जुम्लाकाफल-थुवावडालेख-कचाली सडक स्तरोन्नती (पार्ट १) भगवतीमाई - ५ | ८५४०७१७/- | ३०००/- | २३००००/- |
| ४ | BRM/SCW/ NCB/04/079/080 | खोलेगाडी खेलमैदान निर्माण कार्य भगवतीमाई-२ | ३०४३३९४/- | ३०००/- | ८५०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# व्यवसायी शर्मा राष्ट्रपतिबाट विभूषित



**काठमाडौं/मस–** व्यवसायी एवं समाजसेवी अम्बिका शर्मा लामिछाने समाजसेवा रत्न पदकबाट विभूषित हुने भएकी छन् ।

संविधान दिवसको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले घोषणा गरेको विभिन्न मानपदवी, अलंकार र पदक पाउनेको सूचीअन्तर्गत व्यवसायी शर्मा पनि समेटिएकी हुन् । शर्माले विष्णु सरस्वती फाउण्डेशनबाट समाजसेवा गर्दै आएकी छन् । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि नेपाली कांग्रेसले प्रतिनिधसभा समानुपातिकतर्फ शर्माको नाम सिफारिस गरेको थियो ।

**कम्पनीको नाम परिवर्तन गरिएको सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०७९/०६/०४**

**ट्रिनिटी इन्सिच्युट फर मेडिकल एण्ड इन्जिनियरिङ्ग सिर्भिस प्रा.लि** को मिति २०७९/०५/२७ गते मा सम्पन्न बिशेष बार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्रिनिटी इन्स्टिच्युट फर मेडिकल एण्ड इन्जिनियरिङ्ग स्टडी प्रा.लि (प्रा. लि. नं.: १७७५४४)**, जारी गरिएको मिति २०७९/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Vacancy Announcement**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following position:-

PRO - 3 (Male /Female)
Office Assistant - 3 (Male /Female)

- Candidate must have fluent English Writing, Reading and Speaking.
- Should have minimum 2 years of work experience in Manpower Field.
- Good Looking Personality.
- Candidate Should be well Known in Computer Skills ( MS Word/Excel).

Salary : Negotiable

**PALIV INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9803420845, 9820112709, URL: www.palivinternational.com

## सम्पादकीय

# सकारात्मक कदम

आगामी मंसिर ४ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाको चुनावमा लागि राजनीतिक दलहरूले निर्वाचन आयोगमा समानुपातिकतर्फको बन्दसूची बुझाएका छन्। प्रतिनिधिसभामा समानुपातिक पद्धतिबाट ११० जना र ७ वटा प्रदेशसभामा २२० जना उम्मेदवार हुनेछन्। जसका लागि दलहरूले सूची बुझाउँदा यसपटक अधिकांश नयाँ अनुहार समेटेका छन्। नयाँ अनुहार समानुपातिक तर्फको सूचीमा पर्नुको कारण हो– दलहरूले हाल समानुपातिकमा रहेकालाई पुनः उम्मेदवार नबनाउने भनी निर्णय लिनु। विगतमा समानुपातिक प्रदेश वा संघबाट समानुपातिक भइसकेका, राष्ट्रिय सभामा एक कार्यकाल बसिसकेका, पहिलो र दोस्रो संविधानसभामा मनोनयनतर्फको प्रतिनिधित्व गरिसकेका र स्थानीय तहमा निर्वाचित एवं निर्वाचनमा हारेकाहरूलाई पनि दलहरूले बन्दसूचीमा राखेनन्। परिणाममा समानुपातिकमा नयाँ अनुहार मात्रै आएका छैनन्, युवाहरूले पनि अवसर पाएका छन्।

नेपालको संविधान २०७२ ले मिश्रित निर्वाचन प्रणाली अवलम्बन गर्नुको एउटै करण हो– सबै वर्ग, क्षेत्र, लिंग र उमेर समुहको प्रतिनिधित्व होस्। प्रत्यक्ष निर्वाचन प्रणालीका माध्यमबाट सबैको समानुपातिक प्रतिनिधित्व हुन गाह्रो हुने भएकाले समानुपातिक निर्वाचन प्रणाली पनि अवलम्बन गरेको हो। तर, विगतमा समानुपातिक निर्वाचन प्रणालीको फाइदा उठाउँदै विगत लामो समय देखि संसदमा रहेका पात्रहरू प्राथमिकतामा परेका थिए। समानुपातिकमा समेत पुरानै अनुहार परेको भनी भएको विगतको टिप्पणीलाई यसपटक राजनीतिक दलहरू चिरिदिएका छन्। खासगरी एकै व्यक्तिले बढी अवसर लिएको भनी समाजमा चलेको बहस, स्वमं राजनीतिक दलहरूका बीचमा समेत चुलिएको असन्तुष्टिलाई चिर्न सबै दलले पुरानालाई दोहोऱ्याएनन्। अझ स्थानीय तहमा चुनाव उठेर पराजित भएकाहरूले समानुपातिकमा अवसर लिएर संघीय मन्त्री समेत भएका तिता अनुभव छन्। यस्तो कार्यको समाजमा चर्को विरोध भएपछि यसपटक राजनीतिक दलहरूले मापदण्ड नै बनाएर विगतका कमजोरी सच्याएका हुन्।

कमजोरी व्यक्ति वा संस्थाबाटै हुन्छ। कमजोरी भएको महसुस गरेर सच्याउनु ठूलो महानता हो। हुनतः समाजमा दलहरूप्रति बढेको वितृष्णा, स्वतन्त्र उमेदवारहरूप्रति जनतामा परेको प्रभाव लगायतका कारणले पनि राजनीतिक दलहरू विगतको कमजोरी सच्याउन बाध्य भएका हुन् सक्छन्। जे जस्तो कारणले भएपनि सुरू भएको सकारात्मक अभ्यासलाई नजिरका रूपमा अगाडि बढाउन सक्दा राजनीतिक दलहरूप्रति विगतदेखि रहँदै आएको जनताको आशा, विश्वास र भरोसा दीर्घकालसम्म रहिरहन सक्छ। कतिपय चीज लेखेर समाजमा कार्यान्वयन हुन्छन् भने कतिपय अभ्यासमै स्थापित हुन्छन्। संसदीय व्यवस्था आफैंमा अभ्यासमा बस्नै जाने नजिरहरूको व्यवस्था हो भन्ने वेलायती शासन व्यवस्थाको मान्यता छ। अलिखित संविधान भएको मुलुकले अपनाएको संसदीय व्यवस्थाकै रूप आवश्यक परिमार्जनसहित नेपालले पनि अवलम्बन गरेको हो। दलहरूले यसपटक गरेको समानुपातिकको नयाँ अनुहारलाई पनि दलहरूले नजिरका रूपमा स्थापित गर्नुपर्ने हुन्छ।

# राजनीतिको आहालमा न्यायालय

*अहिले खुलारूपमा देखिएको राजनैतिक बितण्डाले न्यायालयको मर्यादा र नागरिक सम्मानलाई धूलिसात् त पारेकै छ, भविष्यमा पनि निको नहुने रोगको सुरूवात गरेको छ।*

**अग्रलेख**



● नारायण गाउँले

शायद धेरैले बिर्सिनुभो होला, सर्वोच्चका तत्कालीन वरिष्ठतम् न्यायाधीश दीपकराज जोशीलाई। सर्वोच्चमा वरिष्ठताका आधारमा प्रधानन्यायाधीश बनाउने परम्पराअनुसार नै संवैधानिक परिषदबाट उनको नाम सिफारिस पनि भयो। तर, झन्डै दुई तिहाई बहुमतको सरकार चलाइरहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले उनलाई रुचाएन। संसदीय समितिको सुनुवाइमा उनको शैक्षिक प्रमाणपत्र नक्कली रहेको भन्ने 'आशंका' र केही मुद्दाको फैसला चित्तबुझ्दो नभएको भन्दै उनलाई अस्वीकृत गरियो। जोशीले प्रमाणपत्र निष्पक्ष छानबिन गर्दै नक्कली भएको साबित गर्न आग्रह गरे।

संसदीय समितिमा उनको पक्ष-विपक्षमा चर्काचर्की भयो र बहुमतका आधारमा उनी अस्वीकृत भए। विपक्षी सांसद, खासगरी कांग्रेसका सांसदले शंकाकै भरमा अयोग्य ठान्न नहुने र छानबिन गरेर मात्रै निर्णय लिनुपर्ने अड्डी कसे। यो अड्डी न्यायालय र परम्परालाई बचाउने भन्दा पनि जोशी कांग्रेस नजिक मानिएका हुनाले उनलाई हटाएर ओलीनिकट अर्को न्यायाधीश नआओस् भन्ने स्वार्थले प्रेरित थियो। त्यति बेला नेकपाका नेताको तर्क थियो, ' बहुमतको निर्णयले शासन गर्ने कि अल्पमतले ?'

देशका अन्य संस्थाको मानमर्दन त यसअघि नै भइसकेकै थियो, न्यायालयमा पनि यो खुलारूपमा प्रवेश गऱ्यो। अझ यसको बेजोड सुरुवात त त्यसअघिको देउवा-प्रचण्डको तत्कालिन सरकारले प्रधानन्यायाधिश सुशीला कार्कीविरुद्ध महाभियोगको अस्त्र चलाएर गरिसकेको थियो।

जोशीलाई प्रधानन्यायाधीश बन्न मात्रै रोकिएन, न्यायाधीशका रूपमा समेत काम गर्न नदिने र अदालत प्रवेश गर्न र हाजिर गर्न नदिने जस्ता प्रयास भए। बीचमा केही महिना ओमप्रकाश मिश्र प्रधानन्यायाधीश भएपछि चोलेन्द्र प्रधानन्यायाधीश भएर आए। संसदीय समितिमा उनीविरुद्ध गम्भीर उजुरी परेका थिए। उनको चरित्र, स्वेच्छाचारिता र घुस खाएर गरिएका फैसलाबारे नौ वटा उजुरी परेका थिए। उनले सार्वजनिक जग्गा आफ्नो नातेदारका नाममा जाने गरी गरेको फैसला र म्यारिज खेल जुवा नभएर बौद्धिक खेल हो भन्ने फैसलामा आर्थिक चलखेल भएको धेरैको आशंका थियो। उनले विशेष अदालतमा हुँदा भ्रष्टाचारको मुद्दामा सफाइ दिएका अनेक मुद्दा सुशीला कार्कीको इजलाशले उल्ट्याएको थियो।



चोलेन्द्र प्रधानन्यायाधीश बन्न योग्य थिएनन् तर, आरोपको सफाई भन्दा पनि ओलीलाई वैयक्तिकरूपमा रिझाएपछि उनले बिना छानबिन सफाइ पाए र प्रधानन्यायाधीश भए। उनले नेकपाको आग्रहमा आफूभन्दा सिनियर दीपकराज जोशीलाई मुद्दा हेर्न समेत दिएनन्। अपमानपूर्वक दीपकराज जोशी बिदा भए। भनिन्छ, लोभको भकारी कहिल्यै भरिन्न। आफ्नै श्रीमतीलाई निर्मम हत्या गरेर जलाएको मुद्दामा जेल सजायँ भोगेका डिआइजी रञ्जन कोइरालालाई उनले आर्थिक प्रलोभनमा परेर जेलमुक्त गर्ने फैसला गरे। व्यापक विरोधपछि सर्वोच्चले त्यो फैसला सच्याउन पऱ्यो।

दुई तिहाईको शक्तिसामु न्यायालय मात्रै होइन, राज्यका धेरै निकाय नतमस्तक देखिनु स्वाभाविक थियो। यहाँसम्म कि ओलीले अध्यादेशमार्फत संविधान नै संशोधन गरेर संवैधानिक परिषदमा विपक्षी दलको नेता नचाहिने जस्तो खतरनाक कदम चाल्दा चोलेन्द्रले समर्थन जनाए। अख्तियारजस्ता संवैधानिक निकायमा आफूखुशी नियुक्त गर्ने मात्रै होइन, संसदीय समितिको सुनुवाइ बिनै नियुक्त हुने तारतम्य मिलाउँदा उनको समर्थन रह्यो। नत्र वाइडबडी काण्डमा संसदीय समितिले कारबाहीको सिफारिस गरेका प्रेम राई उल्टो अख्तियार प्रमुख हुने थिएनन्। अख्तियार अहिलेजस्तो चिरनिद्रामा हुने थिएन।

चोलेन्द्रले न्यायालयका हरेक परम्परा भत्काउने प्रयास गरे। मुद्दा र त्यसका पक्ष/विपक्ष हेरेर बेन्च दिने आरोप त सामान्य भयो, संवैधानिक इजलाश गठन गर्दा सिनियर न्यायाधीश राख्ने स्थापित परम्परालाई समेत उनले लत्याए। यतिसम्म कि उनी कोभिड भएर अदालत जान नसक्दा स्वाभाविकरूपमा उनीपछिका वरिष्ठतम् न्यायाधीशलाई कामु दिनुपर्नेमा उनले त्यो मर्यादा पनि पालना गरेनन्। उनको स्वेच्छाचारिता र भ्रष्ट चरित्रबाट आजित भएर सर्वोच्चका न्यायाधीशहरूले बेन्च नै बहिष्कार गरेको घटना पुरानो होइन। चोलेन्द्रलाई ओलीको साथ भए पनि ओलीले नै नियुक्त गरेका र प्रधानन्यायाधीशको रोलक्रममा रहेका हरिकृष्ण कार्की, सपना मल्ललगायतका वरिष्ठ न्यायाधीशहरू चोलेन्द्रको विपक्षमा आए। महिनौंसम्म चोलेन्द्रका कारण अदालतका गतिविधि प्रभावित भए। उनलाई राजीनामा दिन दबाब दिइएको खुलासा उनी आफैले गरेका छन्।

> *सुशीला कार्कीको पालामा जस्तो व्यक्तिगत इश्युमा चोलेन्द्रमाथि महाभियोग लागेको होइन। नेपाल बार एशोसिएशनदेखि सर्वोच्चकै अधिकांश न्यायाधीशले जबराको खुलेर विरोध गरेको, सर्वोच्चको कामकारबाही महिनौं प्रभावित भएको र जबराको उद्दण्डता झन् बढ्दै गएको सन्दर्भमा बाध्यात्मकरूपमा महाभियोग आएको हो।*

अहिले चोलेन्द्रलाई लगाइएको महाभियोग पनि पक्कै न्यायालयलाई निकास दिने स्वच्छ उद्देश्यबाट आएको होइन। एउटा प्रमुख प्रतिपक्ष दलले बोकिरहँदासम्म महाभियोग पारित हुने सम्भावना पनि थिएन। भोलि पनि छैन। तर, सुशीला कार्कीको पालामा जस्तो व्यक्तिगत इश्युमा आएको अभियोग भने यो होइन। नेपाल बार एशोसिएशनदेखि सर्वोच्चकै अधिकांश न्यायाधीशले जबराको खुलेर विरोध गरेको, सर्वोच्चको कामकारबाही महिनौं प्रभावित भएको र जबराको उद्दण्डता झन् बढ्दै गएको सन्दर्भमा यो अडिएको स्पष्ट छ।

तथापी, चोलेन्द्र जाँदैमा न्यायालय राजनीतिमुक्त हुने भन्ने हुँदैन। चोलेन्द्रपछि प्रधानन्यायधीश बन्ने गरी रोलक्रम मिलाइएका हरिकृष्ण कार्की ओली सरकारमा महान्यायाधिवक्ताको राजनैतिक नियुक्ति लिएका व्यक्ति हुन्। उनी एमालेको भ्रातृ संस्थामा रहेर काम गरेका र बाम गठबन्धनबाट बार एसोशिएशनको अध्यक्ष भएका व्यक्ति पनि हुन्। उनलाई प्रधानन्यायाधीशको लाइनमा पुग्ने गरी ओली सरकारले न्यायाधीश बनाएको हो। एमालेबाट सभासद नै भइसकेकी सपना मल्ल प्रधान पनि प्रधानन्यायाधीशको रोलक्रममा छन्। यस्तो सूची लामो हुन्छ। यतिसम्म कि अबको १० वर्षपछि प्रधानन्यायाधीश बन्ने गरी एमालेको राजनीति गरेका हरि फुयाल न्यायाधीश बनाइएका छन्। फुयाल एमालेको अधिवेशनबाटै अनुशासन आयोगमा निर्वाचित भएका थिए भने निर्वाचन परिचालन कमिटीमा बसेर काम गरिसकेका छन्। यसअघि प्रायः जसो कांग्रेसको कोटाबाट न्यायाधीश बनेकाहरू नै प्रधानन्यायाधीश बनेका उदाहरण छन्। कतिपय लाइनमैं छन्। उदाहरणका लागि कुमार रेग्मीलाई लिउँ। उनी कांग्रेसको सक्रिय राजनीति गरेका व्यक्ति हुन् र बालुवाटार जग्गा प्रकरणमा विष्णु पौडेल जस्तै प्रत्यक्ष लाभ लिने व्यक्ति हुन्। जग्गा फिर्ता गर्ने नाममा विष्णु पौडेलसँगै कुमार रेग्मीलाई पनि ओली सरकारले बचाएको थियो। त्यसको गुन उनले नेकपा विघटन गर्दै एमाले र माओवादी ब्यूँझाउने फैसला गरेर तिरेको मानिन्छ।

वर्षौंको सेटिंग पहिल्यै गरी सकिने हुनाले कुनै एउटा पात्रलाई चलाएर यो व्यवस्था तलमाथि हुँदैन। हामीले गर्न सक्ने भनेको ब्याकग्राउण्ड जे भए पनि तिनले व्यावसायिक निष्पक्षता र पदीय मर्यादा कायम राखुन् भन्ने कामना मात्रै हो।

खासगरी अहिले खुलारूपमा देखिएको राजनैतिक बितण्डाले न्यायालयको मर्यादा र नागरिक सम्मानलाई धूलिसात् त पारेकै छ, भविष्यमा पनि निको नहुने रोगको सुरुवात गरेको छ। हिजो दीपकराज जोशीमाथि लागेका आरोपमा सामान्य छानबिनसमेत नसकी अस्वीकार नगरौं भन्नेहरूलाई दुई तिहाईको दम्भ देखाएर पेल्ने काम भएको थियो, आज ठीक त्यही शैलीमा गठबन्धन उभिएको छ। अब सर्वोच्चमा वरिष्ठता, निष्पक्षता र मर्यादा कायम रहिरहला भन्न गाह्रो छ।

हिजो अमुक पार्टीको आदेशमा आफूभन्दा सिनियर न्यायाधीशलाई मुद्दा हेर्न समेत नदिएर अपमान गरेका चोलेन्द्र अहिले आफै अपमानको शिकार भएका छन्। यो युद्ध स्पष्टरूपमा दलबीचको युद्ध बनेको छ। देशको होइन, दलका न्यायाधीश बनेका छन्। दलले त आज हारे भोलि जित्न सक्छन्, आज एउटा न्यायाधीशले जेल पठायो भने भोलि आफ्नो न्यायाधीश आउँदा छुटाउन सक्छ। तर, यो युद्धमा देश र लोकतन्त्र भने नराम्ररी पराजित भएको छ !

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

अति गर्नु, चार नगर्नु भन्छन्, यी गठबन्धनवालाहरू अतिचार गर्ने थाले। यतिन्जेल महाअभियोग प्रक्रिया कसले किन रोक्यो ? संसदको समयावधी समाप्त नहुँदै किन पारित गरिएन ? चोलेन्द्रलाई नजरबन्द गर्ने अधिकार कहाँबाट आयो ? ओली प्रतिगमन बिर्साउने गरी महाप्रतिगमन भयो यो त गठबन्धनवालाहरू !



**- भीमार्जुन आचार्य**

संविधानमा लेखिने चिजहरू सजावटका लागि नभई कार्यान्वयनका लागि हुन्छन्। संविधानमा लेखिएको एउटा शब्दको पनि ठूलो महत्व हुन्छ। दिन चाहे संविधानमा धेरै थोक छन्। यो अवधिमा सत्ता र सत्ता संरक्षित गुट बाहेक धेरैले संविधानको प्रतिफल पाएनन्। अब यस्तो नहोस्।




**- मोहना अन्सारी**

चोलेन्द्रले न्यायलयमा बस्दा न पदको गरिमा राखे न त मर्यादा नै राख्न सके। महिअभियोग सिफारिश समितिबाट महाअभियोग लगाउने आधार र कारण सहित सिफारिस भइसक्दा पनि आफू न्यायलय जान पाउने अडान देखाएको देख्दा यिनले गरेका न्यायको शिर लाजले निहुरियो। संविधान र कानूनमा लेखिएका अक्षर आज लज्जित भए।



**- मुकेश काफ्ले**

संविधान दिवसको दिन अनुत्तरित दुई संवैधानिक प्रश्न– चोलेन्द्र शमसेर राणाको निलम्बन कायम छ वा छैन ? सभामुख अग्नि सापकोटा पदमा वहाल छन् कि छैनन् ? एक आम नेपालीको जिज्ञासा– जवाफ दिने आधिकारिक निकाय वा संस्था कुन हो ? के संविधान मै त्रुटि हो वा बलमिच्याइ ?



**- रोशन खड्का**

कुरा चोलेन्द्र शमशेर व्यक्तिको होइन, यो त विधि र पद्धतीको हो। कानूनी राज्यमा गठबन्धनका नाममा जस्ले जे मन लाग्यो त्यो गर्न पाइँदैन। प्रन्याको महाअभियोगको ६ महिनासम्म टुंगो नलगाउने अनि अहिले आएर तमासा देखाउने ? लोकतन्त्रमा प्रधानन्यायाधीशलाई नजरबन्द गर्न पाइन्छ ?

# विज्ञान प्रविधिमा नेपाल

**विचार**



● मोहन भण्डारी

कुनै पनि समाज र राष्ट्रको सन्तुलित विकासको लागि शिक्षा, स्वास्थ्य, नैतिकता, न्याय, संस्कृति जस्ता विषय निर्माण गर्ने तथा मानव अवस्थालाई सुधार गर्न विज्ञानको अहम् भूमिका हुने गर्दछ। गरिबी निवारण, रोजगारी सिर्जना, वैकल्पिक शक्तिको विकास गर्नेदेखि वर्तमान समयमा भरपुर उपयोग बनेका इन्टरनेट, गुगल, स्मार्टफोन सबै विज्ञानकै उपज हुन् र कुनै समयका अब्बल प्राध्यापक र अन्वेषणकर्ताका उपहार हुन्। आवश्यकतालाई परिपुर्ति गर्ने, दर्शनलाई व्यवहारिक दृष्टिगत गराउने काम विज्ञानले गर्दछ। प्रकृति र मानवलाई जोडेर प्राकृतिक न्यायको मार्ग दर्शन विज्ञानबाट मात्र सम्भव हुन्छ। विज्ञान र प्रविधिको उपयोग र जनचेतना फैलाउने उद्देश्यका साथ बिक्रम सम्वत् २०६९ साल मंसिर ८ गते नेपालमा प्रत्येक वर्ष असोज १ गते विज्ञान दिवस मनाउने निर्णय भएको थियो। पब्लीक साइन्स कलेज (हालको अमृत साइन्स कलेज)को स्थापना दिनको अवसरमा विज्ञान दिवस मनाउने निर्णय भएको हो। उक्त दिन विज्ञान र प्रविधिको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका स्वर्गीय अमृतप्रसाद प्रधानको स्मृति दिवस पनि पर्ने गर्दछ।

विज्ञान र प्रविधिको क्षेत्रमा अग्रस्थानमा रहेका राष्ट्रहरु विकासको उच्च श्रेणीमा छन् भने यसमा पछाडि परेका राष्ट्रहरु कम विकसित छन्। जुन देशमा विज्ञान र प्रविधिलाई बजेट, नीति निर्माण र कार्यान्वयनको पाटोमा अग्र स्थानमा राखिन्छ, उक्त राष्ट्रमा मानव जीवन, अन्वेषणको क्षेत्र र विकास तिव्र गतिमा अगाडि बढेको छ। हाम्रो देश नेपालमा अनुसन्धान र विकासमा लगानी जम्मा वार्षिक जिडिपीको ०.३ प्रतिशत मात्र छ। जुन अत्यन्तै न्यून हो। विज्ञानलाई चुनावी नारा र केही क्षणको संवेग उत्पन्न गराउनको लागि मात्र प्रयोग गरिनु अत्यन्तै दुःखद र अदुरदर्शी हुँदै आएको छ। हाम्रो जस्तो राष्ट्रमा कृषि आधुनिकीकरण, सौर्य उर्जा, हाइड्रो, वायु उर्जा जस्ता क्षेत्रमा अग्रसरता लिँदै खोज तथा अन्वेषणको क्षेत्रमा अगाडि बढ्न सके देश विकासको नयाँ बाटो सतहमै देखिन सुरु गर्छ। जुन देशमा विज्ञानलाई भाषणको उपमा र विशेषणमा जोडिन्छ व्यवहार र प्रयोगात्मकरूपमा गरिदैन त्यो देशको विकास सम्भव हुँदैन, देश विकासका लागि विज्ञानलाई गर्नुपर्दछ।

> *विज्ञान र प्रविधिको क्षेत्रमा अग्रस्थानमा रहेका राष्ट्रहरु विकासको उच्च श्रेणीमा छन् भने यसमा पछाडि परेका राष्ट्रहरु कम विकसित छन्। जुन देशमा विज्ञान र प्रविधिलाई बजेट, नीति निर्माण र कार्यान्वयनको पाटोमा अग्र स्थानमा राखिन्छ, उक्त राष्ट्रमा मानव जीवन, अन्वेषणको क्षेत्र र विकास तिव्र गतिमा अगाडि बढेको छ।*

यसवर्ष आज २०७९ असोज १ मा "विज्ञान र प्रविधिमा लगानी विस्तार :समुन्नति र समृद्धिको आधार" भन्ने नाराका साथ देशभर दशौं राष्ट्रिय विज्ञान दिवस मनाईदै छ। कुनैपनि समाज र वातावरणको मूल्य, मान्यता र अवस्थितिलाई पुस्तानान्तरण गर्दै विज्ञान, प्रविधि र समाजलाई एकीकृत गर्न सकियो भने उच्च विकसित राष्ट्र र कम विकसित राष्ट्रबिचको असमानता तथा समाजको विभिन्न क्षेत्रमा देखिएको असमानता हटाउन सकिन्छ। विज्ञान र प्रविधिको माध्यमबाट मात्र व्यक्तिगत समृद्धि, सामाजिक समृद्धि ल्याउन सकिन्छ र समग्रमा राष्ट्रलाई समुन्नति र समृद्धिको दिशामा डोऱ्याउन सकिन्छ।

विकास भनेको आर्थिक वृद्धि गर्नु, असमानता हटाउनु र गरिबी उन्मुलन गर्नु हो। जसका लागि विज्ञान र प्रविधिले आर्थिक क्षेत्रमात्र नहेरी प्राकृतिक तथा सामाजिक वातावरणमा सद्भाव कायम राख्नु पर्दछ। विज्ञान र प्रविधि नै समुन्नति र समृद्धिको केन्द्रबिन्दु भएकोले हाम्रो लगानी पनि यसैमा हुनु अनिवार्य हुन्छ। संघ, प्रदेश र स्थानीय तहमा बजेट बिनियोजन गर्दा विज्ञान र प्रविधिको क्षेत्रमा विशेष ध्यान दिनु जरुरत हुन्छ। विद्यालय तथा विश्वविद्यालय तहमा ओजेटीमा आधारित कार्यक्रम र विद्यालय तथा विश्वविद्यालयभन्दा बाहिर रहेका युवाहरुलाई स्कीलमा आधारित कार्यक्रम सञ्चालन गर्न सकियो भने सबै युवा स्वदेशमा रमाउने वातावरण तथा शैक्षिक बेरोजगार हटाउने वातावरण तयार गर्न सकिन्छ। जसका लागि विज्ञान र प्रविधिको क्षेत्रमा उच्च लगानी जरुरत पर्दछ।

हामीले हाम्रा प्रत्येक संस्कृतिमा विज्ञान खोज्यौ भने स-साना बालबालिकाहरु संस्कृतिमा झुम्नेछन् अनि विज्ञानलाई बुझ्नेछन्। विज्ञान र प्रविधिको उपयोग विस्तारबारे जनचेतना फैलाउन, वैज्ञानिक खोज तथा अनुसन्धानमा संलग्न नव प्रतिभालाई प्रोत्साहन गर्न, विज्ञान-प्रविधि अध्ययन अध्यापनमा विद्यार्थी तथा शिक्षकलाई आकर्षित गर्न र युवा जनशक्तिलाई स्वदेशमा नै रहेर रोजगारीको वातावरण सिर्जना गरी प्रतिभा पलायनको प्रकृतिलाई न्यूनिकरण गर्न सकियो भने मात्र राष्ट्रलाई समुन्नति र समृद्धिको दिशामा डोऱ्याउन सकिन्छ र विज्ञान दिवस मनाउनुको अर्थ हुन्छ। घर तथा विद्यालयदेखि विश्व विद्यालय तहसम्मका विद्यार्थीहरुलाई प्रविधिमैत्री तथा प्रयोगमुखी बनाउने, प्रयोगशाला निर्माण र उपयोग गर्ने, सडकदेखि सदनसम्म वैज्ञानिक चेतना अभिवृद्धी गर्ने तथा किसादेखि नेतासम्म विज्ञानलाई जोड्न सके देशको चौतर्फी विकास छिटै सम्भव हुन्छ।

# बेलायतकी महारानी एलिजाबेथको अन्त्येष्टि

**काठमाडौं/एजेन्सी–** लण्डनको वेस्टमिन्स्टर एबेमा बेलायतकी महारानी एलिजाबेथ द्वितीयाको अन्त्येष्टि कार्यक्रम गरिएको छ । महारानी एलिजाबेथ द्वितीयको गत सेप्टेम्बर ८ मा स्कटल्याण्डको बाल्मोरल क्यासलमा निधन भएको थियो ।

राजकीय अन्त्येष्टिको अन्त्यमा दुई मिनेटसम्म राष्ट्रव्यापी मौनधारण गरि दिवंगत महारानीप्रति सम्मान गरिएको छ । महारानी एलिजाबेथ द्वितीयाको अन्त्येष्टिका लागि विभिन्न देशका राजनीतिक प्रमुखदेखि राजपरिवारका सदस्य, विश्वका विभिन्न मुलुकका विशिष्ट अतिथिहरू केही दिन पहिले देखि नै बेलायत आइपुगेका थिए ।



सन् १९६५ मा विन्स्टन चर्चिलको मृत्युपछि महारानीको अन्त्येष्टि बेलायतमा पहिलो राजकीय अन्त्येष्टि हो । राजकीय अन्त्येष्टिको अर्थ बेलायत सरकारले अन्त्येष्टिको दिनलाई औपचारिक रूपमा बैंक बिदाको रूपमा घोषणा गरेको छ । महारानी एलिजाबेथ द्वितीयको राजकीय अन्त्येष्टिमा सहभागी हुन अमेरिकी राष्ट्रपति जो बाइडेन, भारतीय राष्ट्रपति द्रौपदी मुर्मूलगायतका विश्व नेताहरू लण्डन आइपुगेका हुन् ।

महारानी एलिजाबेथको निधनमा शोक व्यक्त गर्दै अमेरिकी राष्ट्रपति बाइडेनले महारानीको न्यानो मनस्थितिलाई स्मरण गर्दै भने, 'उहाँको नरमपन र सिष्ठताले विश्वलाई प्रभावित पारेको थियो । उहाँसँग भेट हुँदा उहाँले भन्ने गरेका के तपाईं ठीक हुनुहुन्छ ? म तपाईंको लागि केही गर्न सक्छु ? तिमीलाई के चाहिएको छ ? जस्ता उहाँका शब्दहरूले मलाई मेरी आमाको याद दिलाउँछ ।' महारानी एलिजाबेथ द्वितीयालाई अन्तिम बिदाइ गर्न ४८ घण्टाभन्दा बढी समयसम्म ज्येष्ठ नागरिक र केटाकेटीहरू पनि अन्त्येष्टि मार्गमा बसेका छन् । महारानीको जन्म सन् १९२६ अप्रिल २१ मा लण्डनको मेफेयरस्थित १७ ब्रुटन स्ट्रिटमा भएको थियो ।

## नाइजेरियामा सडक दुर्घटना, १९ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** नाइजेरियामा सडक दुर्घटनामा परी कम्तीमा पनि १९ जनाको ज्यान गएको छ । यहाँका अधिकारीहरुले दिएको जानकारीअनुसार नाइजेरियाको राजधानी अबुजाको सडक दुर्घटनामा परेर ती नागरिकको ज्यान गएको हो ।

सो दुर्घटनामा परेर अरु सात जना नराम्ररी घाइते भएका पनि समाचारमा जनाइएको छ । राजधानी अबुजाको यान्जी ग्वालादा सडकमा सो दुर्घटना भएको हो । सडक विभागका एक अधिकारीले यहाँको उक्त सडकमा बस र ट्रक एक आपसमा जुध्दा सो दुर्घटना भएको हो । यहाँ सो सडकमा तीन ओटा सवारी साधन एक आपसमा जुधेका र जसका कारण यति धेरै नागरिकको ज्यान गएको हो । सो सडकमा तीन ओटा सवारी साधन के कसरी आपसमा जुध्न पुगेका थिए भन्ने बारेमा अनुसन्धान थालिएको प्रहरीले जानकारी दिएको छ ।

यहाँ बेपर्वाहसँग सवारी हाँक्ने, सडकको अवस्था पनि कमजोर रहेको र यहाँका सवारी साधनहरुले क्षमता भन्दा पनि बढी मात्रामा भारी बोक्ने गरेकाले समय समयमा सडक दुर्घटना हुने गरेको अधिकारीहरुले जनाएका छन् ।

## अमेरिका र अफगानिस्तानले बन्दी आदानप्रदान गरेको छ : तालिवान



**काठमाडौं/एजेन्सी–** संयुक्त राज्य अमेरिका र तालिवानले कैदी आदानप्रदान पूरा गरेको छ । अफगानिस्तानका विदेशमन्त्री अमिर खान मुत्ताकीले सन् २०२० मा अपहरण गरिएका अमेरिकी नौसेना दिग्गज मार्क फ्रेरिचसलाई हेरोइन तस्करीको आरोपमा संयुक्त राज्य अमेरिकामा १७ वर्षसम्म कैद गरिएका लडाका र तालिवान सहयोगी बशर नूरजाइसँग साटासाट गरिएको बताएका छन् ।

'आज, मार्क फ्रेरिचसलाई अमेरिकामा सुम्पियो र हाजी बशरलाई काबुल विमानस्थलमा हामीलाई सुम्पियो,' मुत्ताकीले काबुलमा पत्रकारहरूलाई भनेका छन् । आदानप्रदान लामो वार्तापछि मात्र भएको मुत्ताकीले जानकारी दिएका छन् । अमेरिकी नौसेना दिग्गज अफगानिस्तानमा निर्माण परियोजनाहरूमा सिभिल इञ्जिनीयरको रुपमा काम गरिरहेका थिए । यस अवस्थामा उनको अपहरण भएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ । सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सोमबार एएफपीलाई नूरजाईले तालिबानमा कुनै आधिकारिक पद नराखेको तर सन् १९९० को दशकमा कट्टरपन्थी इस्लामवादी आन्दोलनको उदय भएपछि हतियारसहित बलियो समर्थन प्रदान गरेको बताएका छन् ।

## जापानमा आँधीका कारण कम्तीमा दुई जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** जापानको दक्षिणपश्चिमी टापु क्युसुमा आएको आँधीका कारण कम्तीमा दुई जनाको मृत्यु भएको छ । यस प्रकोपको कारण करिब ७० जना घाइते भएका स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

नानमाडोल आँधी सोमबार बिहान एक सय २६ किलोमिटर प्रति घण्टा हावाको गतिमा फुकुओका सहरमा पुगेको जापान टाइम्सले जनाएको छ । यस क्षेत्रका केही भागहरुमा चार सय मिलिमिटर वर्षा हुने अपेक्षा गरिएको मौसम विज्ञान एजेन्सीले बताएको छ ।

यस आँधीको कारण मंगलबार होन्सुको ठूलो भूभागमा भारी वर्षा हुने र बाढी र पहिरोको जोखिम निम्त्याउने अनुमान गरेको एजेन्सीले जनाएको छ । जापानको मौसम विज्ञान एजेन्सीले टोकियो र छेउछाउको कानागावा प्रान्तको लागि बाढी आउन सक्ने चेतावनी जारी गरेको छ ।

यद्यपि क्युशुको ठूलो भाग र उत्तरपूर्वी प्रान्तहरू बाढीको चेतावनीमा थिए । लगातारको वर्षाका कारण सम्भावित पहिरो र बाढीको जोखिम उच्च रहेका जापान टाइम्सले जनाएको छ ।

**कतारमा रोजगार** | कम्पनी: ECHO TRADING CONTRACTING AND SERVICES WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०६/०२ चलानी नं.: ६०१८७९६१ LT. No.: 272245

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 1 | 0 | | 1200 | ४१,७०० | | | | | | | |
| 2. | Building Worker | 1 | 0 | | 1100 | ३८,२२५ | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1200 | ४१,७०० | | | | | | | |
| 4. | Driver | 1 | 0 | स. काममा दक्ष | 1900 | ६६,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 5. | Electric | 1 | 0 | | 1200 | ४१,७०० | | | | | | | |
| 6. | Foreman | 2 | 0 | | 2500 | ८६,८७५ | | | | | | | |
| 7. | General Clean Worker | 3 | 0 | | 1000 | ३४,७५० | | | | | | | |
| 8. | Labour | 3 | 0 | | 1000 | ३४,७५० | | | | | | | |
| 9. | Messenger | 1 | 0 | | 1200 | ४१,७०० | | | | | | | |
| 10. | Painter | 1 | 0 | | 1200 | ४१,७०० | | | | | | | |
| 11. | Plaster Worker | 1 | 0 | | 1200 | ४१,७०० | | | | | | | |
| 12. | Receptionist | 1 | 0 | | 1200 | ४१,७०० | | | | | | | |
| 13. | Secretary | 2 | 0 | | 2100 | ७२,९७५ | | | | | | | |
| 14. | Supervisor | 1 | 0 | | 2700 | ९३,८२५ | | | | | | | |
| 15. | Technician | 3 | 0 | | 1200 | ४१,७०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ११ गते (27 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Excellent Manpower Services Pvt. Ltd.**
साविक: (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

**साउदीमा रोजगार** | कम्पनी : ALAWTAN ALHADETHA FOR GENERAL CONTRACTING EST.
शहर : KSA

पूर्व स्वीकृत मिति: २०७६१/०७/१८ चलानी नं.: ६०१८७९५९ LT. No.: 272226

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 12 | 0 | स. काममा दक्ष | 1800 | ६०,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ११ गते (27 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FM GROUP OVERSEAS PVT. LTD.**
Gov. Lic. No.: 1134/073/074
Tokha-10, Samakhusi, Tel. No.: +977-01-4952278
E-mail : fmoverseas5@gmail.com

**मलेसियामा रोजगार** | कम्पनी: INTER GREAT (M) SDN BHD
शहर: PULAU PINANG

पूर्व स्वीकृत मिति: २०७९/०६/०३ चलानी नं.: ६०१८७९७८ LT. No.: 271530

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 93 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ११ गते (27 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

**कुवेतमा रोजगार** | कम्पनी: AL-AHLEA CIRCLE CLEANING CO KSCC
शहर: KUWAIT,SAFAT

पूर्व स्वीकृत मिति: २०७९/०२/११ चलानी नं.: ६०१७९८९४ LT. No.: 263584 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 70 | 19 | स. काममा दक्ष | 85 | ३५,०१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ११ गते (27 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**BAIBHAV OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ३७३/०५९/०६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७, ९७४५९४२०८७, ९८०११०६२६४ Email: baibhav.ovs@gmail.com

**कतार र कुबेतमा रोजगार** | कम्पनी : R MAKKAL RESTAURANT WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०६/०२ चलानी नं.: ६०१८७९६२ LT. No.:272229

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 1 | 0 | स. काममा दक्ष | 1300 | ४५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : FALCON KUWAITIYA CO. BUILDING & ROAD CLEANING CONTRACTING. शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०६/०२ चलानी नं.: ६०१८५६६४ LT. No.:269905

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 81 | 0 | स. काममा दक्ष | 85 | ३५,०१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ११ गते (27 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को नि:शुल्क क.नं. २ को रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

**साउदीमा रोजगार** | कम्पनी : MANA BIN HAMAD BIN MOHAMMED AL YAMI FACTORY FOR INDUSTRY
शहर : NAJRAN

पूर्व स्वीकृत मिति: २०७९/०३/२४ चलानी नं.: ६०१८२९०० LT. No.: 266976 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ११ गते (27 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ७०६/०६४/०६५
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोन: ४३९०६६९, ४३६३६९७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com

**कतारमा रोजगार** | कम्पनी: CHICKEN HOUSE RESTAURANT
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०३/०१ चलानी नं.: ६०१८१५५२ LT. No.:265023 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | स. काममा दक्ष | 1700 | ५९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ११ गते (27 September 2022) मा हुनेछ ।

